अधिकारीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको आकस्मिक बैठक बसि देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| सि.नं | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | प्रकाश अधिकारी | |
| २ | उपप्रमुख | ज्ञानमाया डंगोल | |
| ३ | वडा अध्यक्ष/न.का.स. | श्रीकृष्ण अधिकारी | |
| ४ | वडा अध्यक्ष/न.का.स. | दिपकराज जोशी | |
| ५ | वडा अध्यक्ष/न.का.स. | सिंहराज श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष/न.का.स. | धर्मेन्द्र श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष/न.का.स. | जगन्नाथ ढकाल | |
| ८ | वडा अध्यक्ष/न.का.स. | महेश्वर के.सी. | |
| ९ | वडा अध्यक्ष/न.का.स. | नरोत्तम राना | |
| १० | वडा अध्यक्ष/न.का.स. | केशव बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष/न.का.स. | जोग प्रसाद नेपाल | |
| १२ | वडा अध्यक्ष/न.का.स. | मधुसुदन पाण्डे | |
| १३ | वडा अध्यक्ष/न.का.स. | उत्तम अधिकारी | |
| १४ | न.का.स | पार्वती अधिकारी | |
| १५ | न.का.स | कल्पना घिमिरे | |
| १६ | न.का.स | जगतमाया महर्जन | |
| १७ | न.का.स | उर्मिला बि.क. | |
| १८ | न.का.स | शोभा तामाङ | |
| १९ | न.का.स | लिला भुजेल | |
| २० | न.का.स | बच्चु बस्याल | |
| २१ | न.का.स | सन्जिव सुनुवार | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत | कृष्ण प्रसाद सुवेदी | |

१. यस नगरपालिकाका प्रमुखज्यूको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाका वडा अध्यक्षहरु, प्राविधिक तथा प्रहरी समेतको संयुक्त अनुगमन टोलीबाट मिति २०७५।०६।१९ र २०७५।०६।२० मा अनुगमन गर्दा यस नगरपालिकाका बिष्णुमती खोला, साङ्ले खोला र सपनतीर्थ खोलाबाट अबैधरुपमा संकलन गरी खोलाको किनारमा बालुवा भण्डारण गरिएको पाइएकोले उक्त अवैध रुपमा संकलित बालुवा जफत गर्ने र उक्त जफत गरिएको बालुवाको तत्काल व्यवस्थापन नगर्दा अवैध चोरी निकासी हुन सक्ने, सुरक्षा गर्दा अत्याधिक लागत लाग्ने हुँदा जतिसक्दो छिट्टो व्यवस्थापन गर्नुपर्ने भएकाले प्राबिधिक प्रतिवेदन बमोजिम अनुमानित २३५००० क्यु फीटको प्रति क्यु फीटको कर बाहेक रु. १५।-का दरले हुन आउने रु. ३५,२५,०००।- न्यूनतम तोकी राष्ट्रिय दैनिक पत्रिका तथा नगरपालिकाको वेबसाइट, कार्यालयको सूचना पाटीमा ३ दिनको सूचना जारी गरी सबैभन्दा बढी बोल कबोल गरे बमोजिमको रकम राजश्व खातामा दाखिला गर्न लगाई जफत गरिएको बालुवा बिक्री गर्ने निर्णय गरियो ।

२. यस टोखा नगरपालिकाको पशु सेवा शाखामा करार सेवामा कार्यरत पशु प्राविधिक रघुनाथ देबकोटाको करार सेवा नियमित गरी नगर कार्यपालिकाको कार्यालयमा खटाउने निर्णय गरियो ।

३. यस नगरपालिका वडा नं. ३ स्थित सूर्यदर्शन हाईट सिद्धार्थ टोलमा खानेपानीको पाईप व्यवस्थापनका लागि शान्ति समाज टोल विकास संस्थाले लागतको ४०% रकम व्यहोर्ने गरी समपूरक कोषबाट रकम विनियोजन गरी दिने मांग गरिएकोले प्राविधिक ल.ई बमोजिम हुने आउने रकमको ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

४. टोखा नगरपालिकाको आ.व.२०७४/०७५ मा निर्मित वृत्तचित्र, पूर्वाधार विकास, सेवा प्रवाह लगायतका विभिन्न विषयहरु समेटी रेडियो टेलीभिजन कार्यक्रम निर्माण तथा प्रसारण गर्न चालू आर्थिक वर्षको विविध शिर्षकबाट रु. ५,००,०००।-विनियोजन गर्ने निर्णय गरियो ।

५. यस नगरपालिका वडा नं. ३ स्थित सूर्यदर्शन हाईट दक्षिण बानियाँटार, भुमेश्वर टोलमा रुद्र अधिकारीको घर देखि दिनानाथ आचार्यको घरसम्म ढलान गर्न उपभोक्ता समितिबाट लागत अनुमानको ४०% रकम व्यहोर्ने गरी समपूरक कोषबाट ६०% रकम विनियोजन गरी दिन माग भएकोले उक्त योजनाको ल.ई गरी सोको ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

६. नेवाः ग्वाहाली पुचः टोखाले यस नगरपालिका वडा नं. २ र ३ का स्थानीय ४० जना युवाहरुलाई नेपाल भाषाको प्रचलित लिपि र रञ्जना लिपिको कक्षा सञ्चालन गर्नको लागि रकम माग गरिएकोले चालू आर्थिक वर्षको संस्कृति संरक्षण कोषमा विनियोजित रकमबाट रु ५०,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको आफ्नो भवन बनी नसकेको तथा कर्मचारीहरुलाई कार्यकक्ष साँघुरो हुन पुगेकोले प्राविधिक ल.ई.बमोजिम "भवन निर्माण" शिर्षकबाट तत्काल नगरपालिकाको नयाँ ब्लकको माथी तल्ला थप्ने निर्णय गरियो ।

८. टोखा नगरपालिका वडा नं. १० स्थित विजयराज ज्ञवालीको घर पहिरो जोखिममा परेकोले तत्काल जोखिम न्यूनिकरण गर्न वडा कार्यालयको सिफारिश पत्र तथा प्राविधिक ल.ई. बमोजिम रु. २२,७२० विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

९. टोखा नगरपालिका वडा नं. ३ स्थित तामाङ बस्तीको भिरालो जग्गामा पहिरो जोखिममा परेकोले तत्काल जोखिम न्यूनिकरण गर्न वडा कार्यालयको सिफारिश पत्र तथा प्राविधिक ल.ई. बमोजिम रु. ४६,५०० विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

१०. साबिक टोखा सरस्वती गा.वि.स. काठममाण्डौंमा महिला जागृति तथा आय आर्जन कार्यक्रम अन्तर्गत महिला सामाजिक परिचालिकामा नियुक्ति पाई कामकाज गर्दै आई रहेकी मञ्जु श्रेष्ठलाई संघीय मामिला

११. यस नगरपालिका वडा नं. १० गोंगबु प्रगति नगरस्थित कार्य विनायक मन्दिरमा इन्द्रजात्राका लागि गणेश मन्दिर अगाडी समयवजी भोजन गराउन माग भए बमोजिम चालू आर्थिक वर्षको संस्कृति संरक्षण कोषबाट विनियोजित रकम मध्येबाट रु.८०,०००।-विनियोजन गरी प्राप्त बिल भर्पाइ अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिका वडा नं. ३ स्थित सुर्यदर्शन हाईट धनेश्वर मन्दिरबाट टोखा जाने सडकमा आवत जावत गर्न अतिनै कठिनाई भएको भनि सूर्यदर्शन हाईट विकास समाजको पत्र प्राप्त भएकोले ल.ई.को ४०% रकम उपभोक्ताले व्यहोर्ने गरी लागत को ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

१३. यस टोखा नगरपालिका वडा नं. १ स्थित मालुङ्ग गाउँ जाहनिया गाउ सडक, मालुङ्ग किसनडोल सडक, सिजडोल सडक, जाहुनेफांट सडकमा मर्मत तथा ग्राभेल गर्नका लागि रु. १,००,०००।-, वडा नं. २ स्थित सप्ततीर्थ सडक, बखुनडोल सडक, साहेको सडक, बाईपास चेली सडकमा मर्मत तथा ग्राभेल गर्नका लागि रु. १,००,०००।-, वडा नं. ३ स्थित फुटुङ्ग सडक, बखुनडोल सडक हात्तीगौडा सडक, चर मार्ग सडक, कुडोल सडक, धमलटार सडक, चख्खु सडक, स्टार टाउन सडक, सूर्यदर्शन हाइट तामाङ बसती सडक मर्मत तथा ग्राभेल गर्नका लागि रु. २,००,०००।- गरी जम्मा रकम रु. ४,००,०००।- मर्मत सम्भार शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

१४. योगेश रसिक फाउण्डेशन र सम्बृद्धिका लागि साँस्कृतिक अभियानको संयुक्त आयोजनामा बडा दशै तथा तिहारको शुभकामना सहित "साजन राई एकल साँझ-२०७५" गर्नका लागि रु. २०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

१५. यस टोखा नगरपालिका वडा नं. ११ स्थित शहरी स्वास्थ्य केन्द्रमा आ.व. २०७४/०७५मा आल्मुनियम पार्टेशन गरिएकोमा रकम भुक्तानी पाऊँ भनि वडा कार्यालयको पत्रानुसार रु. १,२४,५९९.४५ को बिल सहित पत्र प्राप्त भएकोले प्राविधि मूल्याङ्कन बमोजिम रु. १,१८,०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

१६. यस टोखा नगरपालिकाको करारमा कार्यरत कर्मचारीहरुलाई २०७५ साउन १ गते देखि लागू हुनेगरी मासिक रु. २०००।- महंगी भत्ता उपलव्ध गराउने तथा वडा नं. ९ र १० को कार्यालयमा मासिक ज्यालादारीमा निरन्तर कार्यरत सन्जु बेलबासे र शारदा बेलबासेलाई चाड पर्व खर्च बापत निजहरुको एक महिनाको थप पारिश्रमिक उपलव्ध गराउने निर्णय गरियो ।

१७. सेवा निवृत्त भई सकेका सहायक तेस्रो श्री सीताराम अधिकारीको सेवा सुविधा सम्बन्धमा मिति २०७५।०६।०५ मा भएको निर्णय नेपाल सरकारको परिपत्रसँग बाझिन गएकोले उक्त निर्णय खारेज गरी निजको योगदानको कदर गर्दै धन्यबाद सहित सम्मान गर्ने निर्णय गरियो ।

१८. यस टोखा नगरपालिका वडा नं. ८ स्थित नागरिक कल्याण संस्थाले शव वाहनको लागि ब्याट्री, मोबिल र जग एक/एक थान खरिद गरिएको रकम रु. २४,४४१।- विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१९. यस नगरपालिका वडा नं. ३ स्थित सुर्य दर्शन हाईट मिलीजुली टोल सुधार समितिको क्षेत्र भित्र पर्ने ३०० मिटर बाटो र ढलको लागि समपूरक कोषबाट ल.ई. बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

२०. यस नगरपालिका वडा नं. ६ धापासी शिवमन्दिरबाट नैनदेवी मन्दिर र नमोबुद्ध स्कूल सम्म पानीको पक्की नालीका लागि मर्मत संभारकोषबाट रु. ४,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

नगरसभाबाट अनुमोदित हुने गरी देहाय बमोजिमको योजना संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | साविक योजना | संशोधन योजन |
|---|---|---|
| १ | जालपाचोक बालुवापाटी हुँदै धनेश्वर सम्मको बाटो ड्रैन मर्मत तथा सरसफाई | जालपाचोक बालुवापाटी हुँदै धनेश्वर सम्मको बाटो ढल मर्मत तथा सरसफाई |

२२. यस नगरपालिका वडा नं. ३ स्थित धनेश्वर मन्दिर देखि धनेश्वरी आमा समाज र टोल सुधार समितिको सामुदायिक भवन नजिकमा रहेको ढलको मंगाल बिग्रेको हुँदा बाटो ढलान तथा मंगल मर्मतको लागि उपभोक्ता समितिबाट लागत अनुमानको ४०% लागत व्यहोर्ने गरी समपूरक कोषबाट ६०% रकम विनियोजन गर्ने निर्णय गरियो ।

२३. यस नगरपालिका वडा नं ५ स्थित जयराम थापाको छोरी टोखा नगरपालिका तिलिङ्गटार मा.वि. कक्षा १२ मा अध्ययनरत ज्योति थापाको उपचारको लागि स्वास्थ्य उपचार कोषबाट खर्च लेख्ने गरी रकम रुं १०,०००।- दिने निर्णय गरियो ।

२४. यस नगरपालिका वडा नं. १ गणेश खोला पुल मर्मत गर्न आर्थिक वर्ष २०७४/७५ मा रकम रु. ३,००,०००।- विनियोजन भई कार्य सम्पन्न भएको तर उक्त आ.व.मा भुक्तानी नभएकोले कार्य सम्पन्न प्रतिवेदन तथा प्राविधिक मूल्याङ्कन बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

२५. यस टोखा नगरपालिकाको वडा नं. २ स्थित प्राथमिक स्वास्थ्य केन्द्र (PHC) लाई नगर अस्पताल बनाउने लक्ष्यका साथ आवश्यक पर्ने स्वास्थ्य सामाग्रीहरु स्वास्थ्य मन्त्रालय लगायत सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

२६. प्रत्येक वर्ष असोज १५ गते पर्ने ज्येष्ठ नागरिक दिवसको अवसरमा नगरपालिका भरीका ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने सन्र्दभमा विभिन्न कार्यक्रम गरी सम्पूर्ण ज्येष्ठ नागरिकहरुलाई थर्मस वितरण गर्ने कार्य प्रारम्भ गरिएकोले सो प्रयोजनका लागि अघिल्लो नगर कार्यपालिकाको बैठकमा छलफल भई खरिद गरिएको एक हजार थान थर्मस खरिद कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

२७. यस नगरपालिकाको उप-प्रमुखले मिति २०७५।०४।१० देखि २०७५।०५।९ सम्म प्रयोग गरेको FORD INDIA, बा. १२ च. ४९४३ नम्बरको सवारी साधन भाडामा लिइएकोमा सम्झौता बमोजिमको रकम रु ५०,०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

२८. नेपाल कम्युनिष्ट पाटीको सामना जनसङ्गीत अभियान कार्यक्रमको ४(चार) वटा टिकट खरिदका लागि विविध शिर्षकबाट रु. २०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।